मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मौसम परिवर्तनसँगै जनस्वास्थ्यमा समस्या

हेटौंडा, १८ फागुन/मौसम परिवर्तनका कारण जनस्वास्थ्य सामान्य समस्या देखिएको छ । जाडो कम भएर गर्मी बढ्दै जाँदा मानिसमा विभिन्न स्वास्थ्य समस्या देखिएको हो । हेटौंडा अस्पतालको नाक, कान, घाँटीरोग विभागमा स्वास्थ्य जाँच गराउन आउने बिरामीमा घाँटी दुख्ने, नाकबाट रगत आउने, नाकमा एलर्जीलगायत समस्या देखिने गरेको पाइएको छ । हेटौंडा अस्पतालको नाक, कान, घाँटीरोग विभागमा दैनिक सयभन्दा बढी बिरामी आउने गरेको विभागका विशेषज्ञ डाक्टर सुमन बर्तौलाले जानकारी दिए । विभागमा पहिला बिरामी स्वास्थ्यमा धेरै समस्या भएपछि आउने गरेका थिए भने अहिले रुघा लागेको एक दिनमै बिरामी जाँच गर्न आउने गरेका हुन् । बिरामी यसरी आउँदा समस्या भइरहेको डा. बर्तौलाले बताए । नेपाल स्वास्थ्य बीमा बोर्डले बीमामा १० प्रतिशत रकम तिर्नुपर्ने निर्णय गरेपछि र ३ महिनालाई पुग्ने औषधि वितरण गर्न थालेपछि बिरामीको संख्या १० प्रतिशत कम भएका उनको भनाइ छ ।

# जग्गा वनमै कायम भएपछि मयुरधाप औद्योगिक क्षेत्र नबन्ने सम्भावना

साझाकुरा संवाददाता



हेटौंडा, १८ फागुन/ सरकारले ८ वर्ष अघि मयुरधाप औद्योगिक क्षेत्र स्थापनाको निर्णय गरेपनि संरचना निर्माणमा तारबार लगाउने भन्दा दोस्रो काम गर्न सकेको छैन ।

केपी शर्मा ओलीको अध्यक्षतामा रहेको मन्त्रिपरिषद्ले १ चैत २०७२ मा स्थापना गरेको मयुरधाप औद्योगिक क्षेत्रको फाइल वन तथा वातावरण मन्त्रालयमै अड्किएको छ । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा जग्गा आउँदा पर्सा राष्ट्रिय निकुञ्जको क्षेत्र परेपछि मयुरधाप औद्योगिक क्षेत्रको काम अगाडि बढ्न नसकेको हा । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले यस क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना उपयुक्त नरहेको राय पेश गरिसकेको छ ।

मयुरधाप औद्योगिक क्षेत्र पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती भित्र पर्छ । चुरेको खहरेले धार परिवर्तन गरेसँगै मयुरधापमा ठूलो क्षेत्रफल खाली जमिनका रुपमा बसेको स्थानीय बताउँछन् । समथर जग्गामा ठूला रुख थोरै र बुट्यानले ढाकेका छन् । यहाँ कुल ५० प्रजातिका चराचुरुंगी तथा १३ प्रजातिका घस्रने जीवजन्तु पाइने निकुञ्जले जनाएको छ । यहाँ पाइनेमध्ये १४ प्रजातिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा जोखिम वर्गमा सूचीकृत गरिएका छन् । निकुञ्ज, निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको रायसुझावमा औद्योगिक क्षेत्रको वातावरणी प्रभाव मूल्यांकन (ईआईए) वन तथा वातावरण मन्त्रालयमै थन्किएको हो ।

१२ माघ २०७७ मा वातावरणीय प्रभाव मूल्यांकनका लागि क्षेत्र निर्धारण र कार्यसूचि वन मन्त्रालयले स्वीकृत गरेको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय हेटौंडाको अभिलेखमा देखिएको छ । कार्यालयले २८ असार २०७८ मा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा ईआईए पेश गरेको थियो । १३ साउन २०७८ मा उद्योग मन्त्रालयले ईआइए स्वीकृतिका लागि वन तथा वातावरण मन्त्रालयमा पठाए पनि हालसम्म फाइल मन्त्रालयमै थन्किएको व्यवस्थापन कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

वन तथा वातावरण मन्त्रालयले पछिल्लो पटक १३ वैशाख २०७९ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको राय, सुझाव अनुसार ईआईए प्रतिवेदन पेशगर्न औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई पत्राचार गरेको थियो । ४ वर्षदेखि ईआईए प्रतिवेदन मन्त्रालय तथा विभागबीच नै घुमिरहेको छ । 'ईआईए प्रतिवेदनमै वन मन्त्रालयमा अड्किएको छ । त्यही ईआईए प्रतिवेदन यता र उता भइरहेको हो बाँकी काम केही भएको छैन', श्रोतले भन्यो ।

हेटौंडा उपमहानगर पालिका-१४, मयुरधापस्थित सार्वजनिक जग्गामा आद्योगिक क्षेत्र व्यवस्थापन लिमिटिडेले संरक्षणका लागि तारबार लगाएको जग्गा नै ४ वर्षदेखि लिमिटेडको नाममा छैन । ४ वर्षअघि नै जग्गा लिमिटेडको नामबाट बदर गर्ने निर्णय गरी त्यसको एक वर्षपछि वनक्षेत्र कायम गरिएको पाइएको छ । १४ असार २०७३ मै भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट प्राप्त जग्गाधनी प्रमाणपुर्जा र कित्ताकाट श्रेस्ताअनुसार १९९ विगाहा १७ कठ्ठा जग्गा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा कायम भएको थियो । सोही जग्गा लिमिटेडको नाममा हक हस्तान्तरण भइसकेपछि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले २१ जेठ २०७५ मा जग्गाधनी प्रमाणपुर्जा खारेज गरेर भोगाधिकार मात्र कायम गर्न राय दिएको हो ।

औद्योगिक क्षेत्रको चार किल्ला भित्रको जग्गा विवाद समाधान लागि २९ कार्तिक २०७६ मा उद्योग मन्त्रालयले सम्बन्धित मन्त्रालयसँग राय मागेको थियो । ९ माघ २०७७ मा लिमिटेडको नाममा रहेको जग्गादर्ता बदर गरी नेपाल सरकार वनक्षेत्र कायम गरिएको व्यवस्थापन कार्यालय हेटौंडाको अभिलेखबाट खुलेको छ । १६ चैत २०७८ मा निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले ईआईए प्रतिवेदनमा उल्लेख भएको 'मिटिगेशन मेजर'लाई कारण देखाएर यहाँ औद्योगिक क्षेत्र स्थापना गर्न उपयुक्त नहुने भन्दै वन मन्त्रालयमा राय पेश गरेको कार्यालयको अभिलेखमा उल्लेख छ ।

वनक्षेत्र भनेर सरकारी अभिलेखमा भेटिए पनि मयुरधाप औद्योगिक क्षेत्रको कार्यालय भने ६ वर्षदेखि यथावत छ । औद्योगिक क्षेत्रकै टुंगो नभइरहेको जोखिममा ५ कार्तिक २०७५ मा स्थापना गरिएको मयुरधाप औद्योगिक क्षेत्रको कार्यालयको मासिक १५ हजार रुपैयाँका दरले घरभाडा तिरिराखेको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जानकारी दिएको छ । मयुरधाप औद्योगिक क्षेत्रको काम हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयबाटै हुने गरेको छ । काम यताबाट भएपनि मयुरधापमा घर भाडामा लिइएको हो ।

कार्यालय बन्द अवस्थामा रहेको र घरभाडा भने तिर्दै आएको हो । मयुरधाप औद्योगिक क्षेत्रका कार्यालय सहयोगी तेजराज थिङ हेटौंडा व्यवस्थापन कार्यालय सरुवा भएर आइसकेका छन् । वर्षौंदेखि ताल्चा लगाएर राखिएको कार्यालयको घरभाडामा खर्च भइरहेको हेटौंडा कार्यालयका आर्थिक प्रशासन शाखा प्रमुख दिपक आचार्यले जानकारी दिए । 'पहिल्यैदेखि घर भाडामा लिएका थियौं । मासिक १५ हजारका दरले भाडा तिरिरहेका छौं । भाडा, पानी, बत्ती गरेर अहिलेसम्म १५ लाख रुपैयाँ तिरिसक्यौं', आचार्यले भने ।

काठमाडौंबाट सर्ने उद्योगलाई तत्कालीन सरकारले १० वर्षका लागि नि:शुल्क जग्गासमेत उपलब्ध गराउने बजेट भाषणमार्फत घोषणा गरेको थियो । तर, न आद्योगिक क्षेत्र बन्यो न बजेट कार्यान्वयन नै भयो । मयुरधाप औद्योगिक क्षेत्रले २०० बिघा जमिन चर्चेको छ । ६२ वटा प्लट रहने यसको लागत ७ अर्ब २ करोड रुपैयाँ अनुमान गरिएको थियो । परि योजनाको डीपीआर बनेर ईआइए स्वीकृत हुन बाँकी छ । औद्योगिक क्षेत्र स्थापनापछि १० हजारले प्रत्यक्ष, अप्रत्क्ष रोजगार पाउने विश्वास गरिएको वर्षौंदेखि अलपत्र मयुरधाप औद्योगिक निर्माणको गाँठो फुक्ने संकेत अझै देखिँदैन ।

हेटौंडा उपमहानगरका प्रवक्ता सविन न्यौपानेले मयुरधाप औद्योगिक क्षेत्र स्थापना भए नगरको रोजगारीको समस्या हल हुने बताउँछन् । मयुरधाप औद्योगिक क्षेत्रमा त्यतिबेलै रङ, दुग्ध उत्पादन, साबुन, खाद्य, प्लास्टिक, स्टिल, रबर, तार, डिष्टिलरी, पाइप, काष्ठ सामान, कपडा, सिमेन्ट, इलेक्ट्रोमेकानिकल कार्यशाला, छाला उद्योगजस्ता उद्योग प्रस्ताव गरिएको कार्यालयले जनाएको छ ।

**स्थापनाको ५ वर्षपछि शिलान्यास**

मयुरधाप औद्योगिक क्षेत्र शिलान्यासमै सीमित छ । स्थापनाको पाँच वर्षपछि औद्योगिक क्षेत्रको शिलान्यास गरिएको थियो । केपी शर्मा ओलीको कार्यकालमा स्थापना भएको र ओलीकै दोस्रो कार्यकालमा शिलान्यास गरिएको थियो । १४ फागुन २०७७ मा उद्योगमन्त्री लेखराज भट्टले तामझामका साथ शिलान्यास गरेका हुन् । मयुरधाप अघि १० फागुन २०७७ मा तत्कालीन प्रधानमन्त्री ओली र भट्टले कञ्चनपुरको दैजी औद्योगिक क्षेत्रको शिलान्यास गरेका थिए । नेकपा विभाजनको संघारका बेला ओली र भट्टले हतारहतार शिलान्यास गरे । शिलान्यास गरेको २ वर्ष ११ महिना बितिसक्दा कुनै काम हुन सकेको छैन ।

क्षेत्रफलका दृष्टिकोणले देशकै ठूलो हेटौंडा औद्योगिक क्षेत्रमा जग्गा अभाव हुन थालेपछि र काठमाडौं उपत्यकाभित्रका औद्योगिक क्षेत्र भरिएका कारण सरकारले मयुर धाप औद्योगिक क्षेत्रको योजना अगाडि बढाएको हो । मयुरधाप औद्योगिक क्षेत्रमा काठमाडौंमा खोलिने नयाँ उद्योगहरु पठाउने आर्थिक वर्ष २०७८/७९ को बजेटमा उल्लेख भएको थियो ।

# धेरै सम्भावना बोकेको बागमती प्रदेश

साझाकुरा संवाददाता



हेटौंडा, १८ फागुन/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले बागमती प्रदेशले प्रचुर सम्भावना बोकेको प्रदेश रहेको बताएका छन् । नारायणी नदीकिनारमा भरतपुर भ्रमण वर्षको उद्घाटन कार्यक्रममा शुभकामना मन्तव्य राख्दै मुख्यमन्त्री जमकट्टेलले चितवनदेखि दोलखासम्म ग्रामीण पर्यटनको सम्भावना रहेको बताएका हुन् ।

उनले भने, 'पर्यटकीय हिसाबले चितवनको सम्भावना त थाहा नै छ । काठमाडौं, दोलखा, कालिञ्चोक, जुगल हिमाल, रसुवाको लामटाङ हिमाल, धादिङको रुबीभ्याली थुप्रै पर्यटकीय सम्भावना भएका ठाउँहरु बागमती प्रदेशमा रहेका छन् । ग्रामीण पर्यटन विकास गर्ने गरी सरकारले नीति बनाउँदै छ । पर्यटन व्यवसायीसँग छलफल गरिरहेका छौं' मुख्यमन्त्री जमकट्टेलले भने । नेपालमा उद्योग व्यवसायीले लगानी गर्दा कृषि र पर्यटन मूल आधार बनाएर लगानी गर्नुपर्ने उनको धारणा थियो ।

उनले भने, 'व्यवसायी साथीहरु कृषि र पर्यटनमा लगानी गर्नुहोस् । ग्रामीण पर्यटनको क्षेत्रमा महत्व दिनोस् । प्रदेश सरकारले सबै क्षेत्रमा निजी क्षेत्रसँग साझेदारी गर्ने अभियान अघि सारेका छौं' उनले सबभन्दा सम्भावना भएको बागमती प्रदेश रहेको भन्दै प्रदेश सरकारले जनताले अनुभूति गर्ने गरी काम गरेको बताएका छन् । उनले भरतपुर महानगरपालिकाले राष्ट्रियरुपमा कार्यक्रम गरेर देशव्यापी सकारात्मक सन्देश दिन खोजेको बताए ।

## नि:शुल्क स्वास्थ्य शिविरसम्बन्धी सूचना

दीर्घायू गुरु हस्पिटल प्रा.लि. चाबहिल मित्रपार्क काठमाडौं, हर्ट फाउण्डेशन हेटौंडा र भुटनदेवी एल्मुनाई एसोसिएसन (भुटनदेवी माध्यमिक विद्यालयका पूर्वविद्यार्थीहरुको संस्था) हेटौंडाको संयुक्त आयोजनामा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन हुने भएकोले इच्छुक सेवाग्राहीहरुले मौकाको फाइदा उठाउनुहोला ।
शिविरमा आवश्यकता अनुसार औषधिसमेत नि:शुल्क वितरण गरिनेछ ।

**शिविर हुने:**

मिति : २०८० साल फागुन १९ गते शनिबार
स्थान : भुटनदेवी मा.वि. परिसर हेटौंडा-४
समय : विहान ८:०० बजेदेखि

**उपलब्ध हुने सेवाहरु:**

१) स्नायू तथा नशारोग
२) मुटुरोग
३) हाडजोर्नी रोग
४) स्त्री तथा प्रशुति
५) जनरल फिजिसियन

**थप जानकारीको लागि**

☞ मंगल पेपर मार्ट, कान्तिराजपथ, हेटौंडा-४ (९८५५०७१२८०)
☞ यति ड्रग हाउस, राप्तिरोड, हेटौंडा-१ (०५७-५२०५१८)
☞ श्रेष्ठ ट्रेडिङ्ग, टीसीएन रोड, हेटौंडा-१० (९८४५०५७२५०)
☞ युनियन ड्रग हाउस, हेटौंडा-१० (०५७-५२३१८८)
☞ बुद्ध मेडिकल हल, हेटौंडा-४ (०५७-५२१४१०)

आयोजक: **भुटनदेवी एल्मुनाई एसोसिएसन**
(भुटनदेवी माध्यमिक विद्यालयका पूर्वविद्यार्थीहरुको संस्था)
सम्पर्क नं.: ९८५१०५८३९२ (अध्यक्ष), ९८४५१०६१२३ (सचिव)

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।



**हाम्रा विशेषताहरू:**

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालय: सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९




## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# एक्समा अब सबैले अडियो र भिडियो कल गर्न पाउने

एलन मस्कले सोसल मिडिया प्लाटफर्म एक्स (साविक ट्वीटर) का विषयमा एउटा निकै लोकप्रिय तथा बहुप्रतिक्षित घोषणा गरेका छन् । यो सँगै अब एक्सका सबै खाले प्रयोगकर्ताले अडियो तथा भिडियो कलिङ फिचरको प्रयोग गर्न पाउनेछन् ।

पहिले यो फिचर केवल ब्लु टिक सशुल्क प्रयोगकर्ताका लागि मात्र सिमित भएकोमा अब आम एक्स प्रयोगकर्ताका लागि उपलब्ध हुनेछ ।

एक्स प्लाटफर्म इन्जिनियर इनरिक ब्यारागनले यसको घोषणा गरेका छन् । उनले भनेका छन्, 'हामीले गैर प्रिमियम प्रयोगकर्ताका लागि यसको सुरुवात गर्न गईरहेका छौँ । यसको अनुभव गर्नुहोस् । अब यसको सहयोगबाट प्रयोगकर्ताले जो कसैलाई पनि कल आदि गर्न सक्नेछन् । यदि तपाईंकोमा यो फिचर अहिलेसम्म पुगेको छैन भने एक्स एप अपडेट गर्नुहोस् । त्यसो गर्दा पनि आएन भने केही समय पर्खिनुहोस् ।'



स्मरण रहोस् एक्समा गतवर्ष अडियो तथा भिडियो कलिंग फिचर सुरु भएको थियो । पहिलो चरणमा आइओएस प्रयोगकर्ताका लागि यो फिचर उपलब्ध गराइएकोमा यहीँ वर्षको सुरुवातमा एन्ड्रोइड प्रयोगकर्ताका लागि पनि जारी गरिएको थियो । यद्यपि यो अहिलेसम्म केवल एक्सका प्रिमिय सब्सक्राइबरमा मात्रै सिमित थियो ।

गत जनवरीको अन्त्यतिर एलन मस्कले यो फिचर आम स्तरमै लागू गरिने संकेत गरिसकेका थिए ।यद्यपि त्यसअघि केही परीक्षण गर्नुपर्नेमा उनको जोड थियो ।

**साहित्य**

## नेपालको राजनीति



✍ओशिका सुवेदी
*कक्षा ९, नवोदय शिशु सदन*

आए हामीलाई भन्दै देशमा बनाउँछु रेल
अहिले लाग्छ यिनीहरु भएछन् यसमा फेल

जबसम्म बढ्दै जान्छ देशमा वृद्धभत्ता
तबसम्म चलिरहन्छ यिनीहरुको सत्ता

कहिले चलिरहन्छन् चाल एउटा कहिले अर्को
यिनीहरुलाई हटाउन बनाऔं स्वर चर्को

लाग्छ मलाई महेन्द्रकै पञ्चायत राम्रो
कहाँ गयो पुरानो शान्त नेपाल हाम्रो

गाउँनेले गाए वीरगाथा लेख्नेले लेखिसके
अब ढिला नगरौं नेताले देश नै खाइसके

## टोपी



✍कुशाग्र राज अर्याल
*कक्षा ६, नवोदय शिशु सदन*

पौष माघको यो कस्तो जाडो
टोपी किन्न म बजार हिँडेको
बिहानको पढाइ छ साह्रै गारो
ओहो ! पसले दाइले मलाई
देखाउनुभयो खरायो टोपी

टोपीमा छ टुप्पी जस्तै
पुच्छर झुण्डिएको
छेउछेउमा छ खरायोको
कानजस्तै मुन्द्रा लर्किएको
टोपी हेर्दा खरायोको
टाउको जस्तो
भन्नुभो ओहो ! पसले दाइले
मलाई टोपी कति सुहाएको

## मुक्तक

✍ बालकृष्ण "अज्ञात"

समयले यहाँ सम्म घुमाउला सोचिएन ।
मलाई पनि अचानो बनाउला सोचिएन ।।
सोचे, ऋण तिर्छु, घरजम गर्छु, सुखसँग पाल्छु ।।
बाकस भित्र छोरो आउला सोचिएन ।।१।।

तिमीलाई पाए सेवा सुविधा खुसी लाग्छ ।
मलाई कसैलाई केही दिँदा खुसी लाग्छ ।
धेरै महत्वाकांक्षी बनेर किन दु:खी हुन्छौं ।
मलाई त बाँचेको सम्झिदा खुसी लाग्छ ।।२।।

प्रगति एकैछिनमा हुँदैन ।
समय आफ्नो अधीनमा हुँदैन ।।
अँगालो हालेर रुन जति मजा ।
रुँदै रुँदै सम्झिनमा हुँदैन ।। ३।।

यहाँ कसलाई छैन र चर्ने मन ।
जोतिदा जोतिँदै सकिन्छ जीवन ।।
कि भइदियोस् चाहेको जस्तै सबै थोक ।
कि नछुट्टियोस् उहीँ रमाइलो बालापन ।।४।।

यहाँ फूलले पनि त बिझाइरहेछ महोदय !
किन काँडाले मात्र दोष पाइरहेछ ।।
तिम्रा यादहरूको हत्यारा बन्ने मन छ ।
तर यत्ति भन्दा पनि तिम्रै याद आइरहेछ ।।५।।

## महामहिम ! तपाईं बुझ्नुहुन्न

✍दीपक खनाल

म त रातलाई रात
दिनलाई दिन भन्ने
प्रकृतिको सन्तान
अँध्यारोमा टुकी बालेर
'दिन' भन भन्नुभो भने,
भन्न सक्दिनँ महामहिम ।

महामहिम ! तास खेलाउन सिपालु हुनुहुन्छ
लङ्गुरबुर्जा हल्लाउन च्याम्पियन हुनुहुन्छ
खडखडे थाप्न माहिर हुनुहुन्छ
धन्दा चलाउन
जुवा खेलाउनुहुन्छ भन्दैमा
विवेक दाउमा राख्ने आँट छैन महामहिम मेरो
स्वाभिमानको सटर खोल्ने क्षमता छैन
महामहिम मसँग ।

महामहिम
कुरा गर्नुहुन्छ एउटा
काम गर्नुहुन्छ अर्को
मुखले एकथोक भन्नुहुन्छ
व्यवहारमा अर्कैथोक गर्नुहुन्छ
जुधाउनुहुन्छ, बझाउनुहुन्छ
हजारौं जिब्रा त शेषनागका हुन्छन्
महामहिमका नै जारौं जिब्रा रहेछन्
नवौं आश्चर्य यही भो
विष छर्दै जानुस् महामहिम
नीलकण्ठले झैं
पिउँदै जाऊँला त के भो ?

महामहिम !
सूर्य देख्नुभएको छ
छुनुभएको छ र ?
पानी चिन्नुभएको छ
करेन्ट देख्नुभएको छ र ?
शरीर देख्नुभएको छ
आत्मा देख्नुभएको छ र ?
आकाश देख्नुभएको छ
छुनु भएको छ र ?
हो छैन, किनकि
तपाईं आवरण देख्नुहुन्छ
विवरण देख्नुहुन्न
रूप देख्नुहुन्छ, सार देख्नुहुन्न
बोक्रा देख्नुहुन्छ, गुदी देख्नुहुन्न
बादल देख्नुहुन्छ, पानी देख्नुहुन्न
पानी देख्नुहुन्छ, करेन्ट देख्नुहुन्न
करेन्ट देख्नुहुन्छ, उज्यालो देख्नुहुन्न
उज्यालो देख्नुहुन्छ, ऊर्जा देख्नुहुन्न
केही तारा देख्नुहुन्छ
विशाल आकाश देख्नुहुन्न
महासागर देख्नुहुन्छ
थोपा देख्नुहुन्न
जस्तो कि
नेट देख्नुहुन्छ
वाइफाई देख्नुहुन्न
अर्थात्
दृश्य देख्नुहुन्छ
दर्शन देख्नुहुन्न
किनकि
तपाईंसँग आँखा छ
दृष्टि छैन
मूर्ति छ, मुटु छैन
मन छ, हृदय छैन
मगज छ, गिदी छैन
हो त्यसैले
महामहिम
मलाई देख्नुहुन्छ तर चिन्नुहुन्न
पढ्नुहुन्छ तर बुझ्नुहुन्न ।

**चित्रकला**



दिपशना थापा
कक्षा: १०, जी.एस. निकेतन मा.वि. हेटौंडा

**यौन स्वास्थ्य**

# कामवासनालाई कसरी बुझ्ने ?

मनोविज्ञानका पिता सिग्मन्ड फ्रायडले प्रतिपादन गरेको मनोविश्लेषणको सिद्धान्त सन् १८९० को दशकपछाडि ज्यादै चर्चामा आयो । उनले खास गरेर मानिसमा विकसित हुने कामवासना वा लिबिडोको सम्बन्धमा त्यति बेलाको समाजलाई तरङ्गित बनाउने विचार प्रस्तुत गरे । उनको त्यस विचारको प्रशंसा र आलोचना दुवै भयो ।

उनले आफ्नो सिद्धान्तको वकालत गर्ने सन्दर्भमा यतिसम्म तर्क प्रस्तुत गरे कि मानिसको कामवासनाको चाहना बाल्यावस्थादेखि नै विकसित हुन्छ, जुन चाहना पूरा हुन सकेन भने अचेतन मनमा गएर बस्छ र त्यसले व्यक्तिको व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण प्रभाव पार्छ । मानिसको व्यक्तित्वको चर्चा गर्ने सन्दर्भमा उनले व्यक्तित्वको संरचनामा इड, इगो र सुपरइगोको चर्चा गरे । कामवासनाको चाहनालाई भने 'इड' वा जैविक आवश्यकताको पोल्टामा राखिदिए ।

फ्रायड कामवासनालाई सिद्धान्तमा राखेर व्याख्या गर्ने पहिलो मनोवैज्ञानिक हुन् तर उनीभन्दा धेरै अगाडिदेखि यससम्बन्धी चर्चा-परिचर्चा समाजमा हुने नै गरेको इतिहास पाइन्छ । प्राचीन दार्शनिक प्लेटोले यौनलाई मानसिक आनन्दको रूपमा व्याख्या गरे भने दार्शनिक सुकरातले पनि यौनलाई मानसिक आनन्दकै रूपमा व्याख्या गर्दै जुन समाज स्वीकार्य हुनुपर्ने तर्क पेस गरे । रुसोले प्राकृतिक घटना वा क्रियाकलापका रूपमा यौनलाई परिभाषित गरे भने मास्लोले आधारभूत वा जैविक आवश्यकताका रूपमा व्याख्या गरे । वैदिक धर्मग्रन्थ र वेदले धर्म, अर्थ, काम, मोक्षलाई मानव जीवनको उद्देश्य मानेर यौनलाई मानिसको जीवनको उद्देश्यका रूपमा परिभाषित गरे । बाइबलले यौनलाई भगवानको असल सिर्जनाका रूपमा व्याख्या गर्दै महिला-पुरुषको विवाहपछिको आनन्दका रूपमा परिभाषित गर्‍यो । इस्लाम धर्मग्रन्थ कुरानले यौनलाई विवाहपश्चात् श्रीमान तथा श्रीमतीबिच हुने वैधानिक सम्बन्धका रूपमा व्याख्या गर्‍यो । बौद्ध धर्मले यौनलाई आनन्दका रूपमा भन्दा पनि स्वाभाविक क्रियाका रूपमा व्याख्या गर्दै त्यसमा केही बन्देजहरू खडा गर्‍यो ।

धर्म, दर्शन तथा मनोविज्ञानको क्षेत्रमा यौनलाई विभिन्न तरिकाले व्याख्या गरिएको पाइन्छ । यौन मानव जीवनको स्वाभाविक, प्राकृतिक, जैविक, स्वच्छन्द विषय हो, जसले आनन्द प्रदान गर्छ भन्नेमै अधिकांश सहमत रहेको थाहा हुन्छ । यौनका सम्बन्धमा प्राचीन परिभाषा र आधुनिक परिभाषामा धेरै परिवर्तन आएका छन् । चासो सबैको छ, तर अभिव्यक्त गर्न लाज छ । आवश्यकता सबैलाई छ, तर सामाजिक मान्यता र मानवीय नैतिकताको बन्धन छ । यी र यस्तै अन्तर्द्वन्द्वका बिचमा यौनलाई परिभाषित गर्नु आधुनिक समाजको आवश्यकता हो भन्नु उचित हुन्छ ।

### यौन जीवनका आधारमा वर्गीकरण

काम वासनाका आधारमा संसारमा तीन किसिमका मानिस छन्– भोगी, जोगी र रोगी । भोगी ती मानिस हुन् जसले यौनलाई स्वाभाविक रूपमा लिन्छन् । यौन आवश्यकतालाई सजिलै व्यक्त गर्न सक्छन् । यौनलाई मानव जीवनको उत्प्रेरणा र ऊर्जाको रूपमा लिन्छन्, कामवासनालाई आफ्नो कमजोरी नभई ताकत ठान्छन्, मानव जीवन र जगत्लाई सुन्दर देख्छन्, यस्ता भोगी मानिसले नै मानव समाजलाई प्रगतिको दिशामा डोर्‍याउँदै यहाँसम्म ल्याएका छन् ।

अर्कोथरी केही मानिस जोगी छन् । त्यस्ता मानिसले आफ्नो सम्पूर्ण ताकत लगाएर कामवासनालाई दबाएर राख्ने प्रयास गर्छन् । यौनलाई अपवित्र र अमर्यादित ठान्नेहरू पनि यसमा पर्छन् । यस्ता मानिसले आम मानिसलाई अराजक ठान्छन् । आफूमा सिर्जित कामवासनालाई नियन्त्रण गर्न अनेक हर्कत गर्ने जोगीहरू भोगी मानिसको डाह र रिसले जलेर अनेक प्रवचन सुनाउँदै यो संसारको स्थायी रूपमा बन्ध्याकरण गराउन चाहन्छन् ।



तेस्रो थरी मानिसहरू रोगी छन् । यसमा हर्मोनको डिसअर्डर भएका मानिस पनि पर्छन्, जसको उपचार हुन सक्छ । खासगरी यौनका मामिलामा ती मानिसलाई रोगी मान्न सकिन्छ, जसले कामवासनालाई विभिन्न आयाममा बुझेका हुँदैनन् । यस्ता व्यक्तिले आफ्नोभन्दा अरुको यौन जीवनमा चासो राख्छन् ।

यसरी हेर्दा आफ्नो जीवनसँगै संसारलाई बदल्ने ताकत भोगीहरूले राख्छन् । उनीहरूमा सिर्जित त्यो ताकतलाई कामवासनाले निर्देशित गरेको हुन्छ । त्यस्तै जोगीहरूले सांसारिक जीवनलाई आलोचनात्मक रूपमा व्याख्या गरिरहेका हुन्छन् भने रोगीहरूले नकारात्मक रूपमा सांसारिक जीवनलाई प्रतिकार गरिरहेका हुन्छन् ।

### शारीरिक कि मनोवैज्ञानिक आवश्यकता ?

आजसम्म विकसित भएका यौन सम्बन्धी अधिकांश अवधारणाले शारीरिक आवश्यकताको रूपमा यौनलाई लिएको देखिन्छ । मानव जीवनका पछिल्ला दिनको यौन जीवनलाई हेर्ने हो भने यसलाई शारीरिक आवश्यकता भन्दा मनोवैज्ञानिक आवश्यकताको रूपमा व्याख्या गर्दा उपयुक्त हुने देखिन्छ । आधुनिक मानिसले यौनलाई आफ्नो मनोवैज्ञानिक आवश्यकताका रूपमा अभ्यास गर्दै आएको देखिन्छ । शारीरिक आवश्यकताले यौनलाई भोग्य वस्तुको रूपमा हेर्छ भने मनोवैज्ञानिक वा मानसिक आवश्यकताले मनोरञ्जनका रूपमा ।

प्राचीन युगमा पनि मानिसले विवाहका लागि सुन्दर जोडी खोज्थे भन्ने कुरा इतिहासको अध्ययनबाट थाहा लाग्छ । यसले यौनलाई मनोवैज्ञानिक आवश्यकता हो भन्ने गतिलो तथ्य पेस गर्दछ । त्यति बेलाका राजा-महाराजाले थुप्रै विवाह गर्ने प्रचलन पनि मनोवैज्ञानिक आवश्यकतासँग जोडिन्छ । प्रेमले निम्त्याएका युद्धदेखि राज्य विभाजनका कथा पनि मनोवैज्ञानिक आवश्यकतासँग जोडिन्छन् । गौतम बुद्ध विवाहपश्चात् नै सन्न्यासी जीवनमा लागेका थिए । विश्वप्रसिद्ध नेता, कलाकार, खेलाडी, लेखकदेखि सन्त-महन्तसम्मलाई यौनको बात लागेको घटनाहरूको फेहरिस्तले झन् यसलाई शारीरिकभन्दा मनोवैज्ञानिक आवश्यकता हो भन्ने कथनको नजिक पुर्‍याउँछ ।

पछिल्लो समयको बढ्दो सामाजिक सञ्जालको विकास र प्रयोगले मानिसका मनोवैज्ञानिक आयाममा व्यापक परिवर्तन आएको देखिन्छ । मान्छेको मनस्थिति दिन प्रतिदिन चञ्चल र उत्तेजक बन्दै गइरहेको अवस्था पनि छ । व्यक्तिमा निहित कामवासनालाई विभिन्न माध्यमबाट अभिव्यक्त गर्न खोजिएको देखिन्छ । कामुक भिडियोहरू नै टिकटिकमा सबैभन्दा धेरै हेरिन्छन् । फेसबुक, इन्स्टाग्राम लगायत विभिन्न सामाजिक सञ्जालमा कामुक तस्बिर राख्नेकै सबैभन्दा धेरै साथीहरू भएको देखियो । यस्तै, अश्लील भिडियोमै मानिसको बढी रुचि देखिन्छ ।

संसारका कतिपय देशले यौन व्यवसायलाई वैधानिक रूपमा सञ्चालन गर्दै आएका छन् भने लगभग सबै देशहरूमा लुकिछिपी यौन व्यवसाय सञ्चालनमा छन्, जहाँ यौनलाई अवैध मानिन्छ । सामाजिक सञ्जालमा होस् या यौन बजारमा भेटिने अधिकांश मानिस वैवाहिक जीवनमा रहेकाहरू नै हुन्छन् । यी र यस्ता परिदृश्यले यौनलाई शारीरिक आवश्यकता भन्दा मानसिक तथा मनोवैज्ञानिक आवश्यकता हो भन्ने कुरामा जोडबल गर्दछ ।

### यौन निरंकुश कि स्वतन्त्र ?

कामवासनालाई जति दबाउन खोज्यो, त्यो त्यति धेरै विकसित र विस्फोटित भएर आउँछ भन्ने तर्क सिग्मन्ड फ्रायड राख्छन् । उनको तर्क छ, बाल्यकालको दमित यौनचाहनाले व्यक्तिको व्यक्तित्वको संरचनामै असर पार्छ । दार्शनिक रुसोले यौनलाई प्राकृतिक, स्वतन्त्र र स्वच्छन्द हो भन्ने जिकिर गर्छन् । ओशोको विचारमा यौन मानव जीवनको सामान्य दैनिकीजस्तै हो । कार्ल मार्क्सले यौनलाई पुँजीवादसँग जोडेका छन् भने हेगलले मानसिक अन्तर्द्वन्द्वका रूपमा परिभाषित गरेका छन् । बीपीले नरेन्द्रदाइ उपन्यासमा यौनलाई मनोवैज्ञानिक आवश्यकता हो भन्नेतर्फ संकेत गरेका छन् ।

जसले जे अर्थ लगाए पनि यौन कदापि निरंकुश हुन सक्दैन । यौन एक स्वतन्त्र सम्बन्ध हो । कामवासनामा मानिसले प्राकृतिक स्वतन्त्रता चाहन्छ । जीवनमा कहीँकतै खुल्न नसकेको व्यक्ति यौनमा खुल्छ । जसलाई यौन कार्यमा खुल्ने अवसर प्रदान गरिँदैन, त्यस्तो व्यक्तिको दमित यौन चाहना अचेतन मनमा गएर बस्छ, जसको फलस्वरूप व्यक्तिले सपनाका माध्यमबाट होस् या अन्य कुनै तरिकाबाट यौन आनन्दको प्राप्ति गर्दछ । प्राकृतिक र स्वतन्त्र नबनी गरेको यौन क्रियाकलापबाट कुनै पनि व्यक्तिले पूर्ण सन्तुष्टि अनुभूति गर्न सक्दैन । त्यस्तो प्राकृतिक र स्वतन्त्र क्रियाकलाप व्यक्तिको मनोवैज्ञानिक आवश्यकतासँग जोडिन्छ । मनोवैज्ञानिक रूपमा पनि व्यक्ति एक प्राकृतिक र स्वतन्त्र प्राणी हो । हाम्रो समाजको मूल्य-मान्यताका कारण व्यक्तिको अधिकांश समय औपचारिकतामा रुमलिएको छ । मानिसको जन्मजात स्वभाव भने प्राकृतिक स्वतन्त्रता र स्वच्छन्दता हो । प्राकृतिक र स्वतन्त्र यौन चाहनालाई जति दबाउन खोजियो, त्यति नै व्यक्तिमा कुण्ठा सिर्जना हुन्छ र त्यसले व्यक्तिलाई मनोरोगी बनाउँछ ।

### महिला र पुरूषको यौन चाहना

सिग्मन्ड फ्रायडले आफ्नो जीवनकालको अन्तिमतिर भनेका छन्, 'मैले जीवनभर महिलाका बारेमा अध्ययन गरेँ, तर महिलाले वास्तविक रूपमा के चाहन्छन् भन्ने बुझ्न सकिनँ ।' फ्रायडको यस कथनलाई महिलाको लिबिडोसँग जोडेर हेर्न सकिन्छ । यौनक्रीडाको सम्बन्धमा पुरुष केही हदसम्म निरंकुश छ भने महिला पूर्ण रूपमा प्राकृतिक स्वतन्त्र सम्बन्ध राख्न चाहन्छन् । महिलाको कामवासनाको सम्बन्धमा पुरुषले केही भ्रम बोकेका छन्, त्यस्तो भ्रमका कारणले पुरुष आफ्नो सन्तुष्टिलाई महिलाको पनि सन्तुष्टि हो भन्ने बुझ्छन् । अधिकांश पुरुषमा यो पनि भ्रम हुन सक्छ, आफूसँगको सहवासमा महिला पूर्ण सन्तुष्ट छन् । यी र यस्ता भ्रमले आधुनिक समाजमा श्रीमान् र श्रीमतीबिचमा विविध खालका समस्या सिर्जना गरिरहेको छ ।

सामाजिक जीवनका अन्य क्षेत्रहरूमा जस्तै पुरुषले महिलाको कामवासनामा पनि दमनको रणनीति अखितयार गरेको छ । बाल्यावस्थादेखि जीवनको अन्तिम अवस्थासम्म महिलाको यौन जीवनलाई समाजले विभिन्न तरिकाले दमन गरिरहेको हुन्छ । पुरुषले त्यस्तो भ्रम बोकिरहेका छन् कि महिलाभन्दा आफू कामवासनामा धेरै आक्रामक र शक्तिशाली छु । त्यति मात्र होइन, पुरुषमा त्यो पनि गलत अवधारणा निर्माण भएको छ कि आफू सन्तुष्ट हुँदै गर्दा आफ्नो पार्टनर पनि सन्तुष्ट हुन्छिन् । पुरुषको सन्तुष्टिको सीमारेखा वीर्यको पतनसम्म मात्र जान्छ भने महिलाले एकपटकको समागमका दौरानमै मल्टिअर्गाजम् अर्थात् अनगिन्ती चरमसुख अनुभव गर्न सक्छन् ।

वैवाहिक जीवनका धेरै आयाम हुन्छन्, श्रीमान-श्रीमतीबिचको सम्बन्धका विविध पक्षहरूमध्ये यौन सम्बन्ध पनि ज्यादै महत्त्वपूर्ण र वैवाहिक सम्बन्धलाई सुमधुर र जीवन्त बनाउने सम्बन्ध हो । जब श्रीमान्-श्रीमतीबिचको यौन सम्बन्ध प्राकृतिक, स्वतन्त्र, स्वच्छ हुन्छ, कामवासना वा लिबिडोको भरपूर प्रयोग हुन्छ, त्यसले दाम्पत्य जीवनका अन्य विविध सम्बन्धलाई बलियो बनाउँछ । आधुनिक समयमा मानिसका विविध इच्छा र चाहनासँगै यौन जीवनमा पनि इच्छा र चाहना असीमित बन्दै गइरहेका छन् । जस कारण पछिल्ला दिनमा वैवाहिक सम्बन्धमा विविध खालका समस्या आइरहेका छन् । सम्बन्ध विच्छेदको समस्या होस् या विवाहेतर सम्बन्ध होस्, दाम्पत्य जीवनमा देखिएको यौन विचलन पनि यसको कारक हुन सक्छ । त्यसैले दम्पतीबिच यौन जीवनका बारेमा खुलस्त र स्पष्ट संवाद हुन आवश्यक छ । जब पुरुषले महिलाको लिबिडोमा दमन, हस्तक्षेप वा बेवास्ता गर्दछ, त्यसबाट अप्रत्यक्ष रूपमा वैवाहिक जीवनमा अनेकौं समस्या आइपर्छन् ।

कामवासना मानव जीवनको ज्यादै महत्वपूर्ण र रहस्यमय पक्ष हो । यौन शारीरिक भन्दा धेरै मनोवैज्ञानिक आवश्यकता हो । मानव कामवासनाले सधैं स्वतन्त्रता, स्वच्छन्दता र प्राकृतिकपन खोज्छ । कामवासनालाई जति दबाउन खोज्यो, त्यति नै विकसित र परिष्कृत भएर आउँछ ।

महिला र पुरुषको यौन जीवनमा भिन्नता छ, दुवैको कामवासनाको बुझाइ र भोगाइमा अन्तर छ । महिलाको कामवासनाले ज्यादा मात्रामा अनुराग, रोमान्स खोज्छ भने पुरुषको कामवासना ज्यादा मात्रामा वीर्य स्खलनसँग जोडिन्छ । वैवाहिक जीवनलाई व्यवस्थित र सन्तोषपूर्ण बनाउनु भनेकै दम्पतीबिचको यौन जीवन सुखद बनाउनु हो । यौनलाई मनोवैज्ञानिक आवश्यकता पनि हो भनेर बुझियो भने त्यहीअनुरूप यौन व्यवहार गरिन्छ । यसरी कामवासनाको उचित व्यवस्थापन हुन सक्छ र दाम्पत्य जीवन सुखद हुन सक्छ ।

# प्रदेश र स्थानीय तहमा मनपरी दरबन्दी सिर्जना, रोक्ने मुडमा सिंहदरबार




काठमाडौं/संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रदेश र स्थानीय तहको संगठन संरचना र दरबन्दी सिर्जना व्यवस्थापनसम्बन्धी राष्ट्रिय मापदण्ड बनाउने निर्णय गरेको छ । सामान्य प्रशासन मन्त्री अनिता देवीको अध्यक्षमा बसेको विषयगत समितिको शुक्रबारको बैठकले यसका लागि नेपाल सरकारसँग अनुरोध गर्ने निर्णय गरेको छ ।

प्रदेश सरकार र सरकार अन्तरगत निकायहरुसँगै स्थानीय तहहरुलाई आफू खुशी कर्मचारी दरबन्दी सिर्जना गर्न नदिने गरी राष्ट्रिय मापदण्ड बनाउनुपर्ने निष्कर्षमा मन्त्रालय पुगेको हो । प्रदेश र स्थानीय तहहरुले संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओ एन्ड एम सर्भे) बनाई अनावश्यक जनशक्ति भर्ना गर्न खोजेको भन्दै संघीय सरकारले अंकुश लगाउन गृहकार्य अघि बढाएको हो । '२०७४ मा ९० जनाको दरबन्दी स्वीकृत भएको स्थानीय तहमा सय जनाको दरबन्दी थपिएकोसम्मका केसहरू भेटिएको छ,' उनले भने,'यस्तो मनपरी रोक्न राष्ट्रिय मापदण्ड बनाउनै पर्ने देखियो ।'

काठमाडौं महानगर पालिकाले प्रशासन विभागका दीपक अधिकारीको संयोजकत्वमा 'ओ एन्ड एम प्रतिवेदन' पुनरावलोकन गर्न एक समिति बनाएर काम गरिरहेको छ । सेवा प्रवाह सुधार्न भन्दै महानगरले विभाग, महाशाखा, शाखा, उपशाखा तथा इकाइहरुको स्पष्ट कार्य विवरण तयार गर्न लागेको छ । त्यसपछि ठूलो संख्यामा प्रशासनिक तथा प्राविधिक जनशक्ति थप्ने तयारी हुँदैछ ।

तर, महानगरका धेरै कार्यालयहरुमा कर्मचारीमा कार्यबोझ नरहेकाले कर्मचारी थपको विपक्षमा धेरै जनप्रतिनिधि छन् । 'धेरै खालका सेवा दिने वडा कार्यालयहरुमा दरबन्दी थप्नुपर्ने छ', काठमाडौंका एक वडाध्यक्षले भने, 'महानगर पालिकाको कार्यालयमा त दिनभर कर्मचारी घाम र हिटर तापेर बसेको देखिन्छ, उनीहरुको दरबन्दी कटाएर यता वडामा पठाए हुन्छ ।'

यस्तै विकृति बढेपछि गत २ पुसमा मुख्यसचिव डा. बैकुण्ठ अर्यालको अध्यक्षतामा बसेको सचिवहरुको बैठकले स्थानीय तहहरु आफैंले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी ठूलो संख्यामा दरबन्दी स्वीकृतिको लागि प्रदेश सरकार समक्ष पठाएको भन्दै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्पष्ट मापदण्ड तयार गरी कार्यान्वयन गर्ने निर्णय नै गरेको थियो ।

सोही निर्णय अनुसार संघीय मामिला मन्त्रालयले प्रदेश र स्थानीय तहले ओएन्डएम सर्भे गर्दा लागू गर्ने मापदण्ड बनाउन गृहकार्य थालिसकेको एक अधिकारीले बताए । हाल कार्य क्षेत्र, कार्य बोझ, कार्य प्रकृति र वित्तीय क्षमताका आधारमा संगठन संरचनालाई उपयुक्त आधार (राइट साइजिङ)मा ल्याउनुपर्ने व्यवस्था छ । तर, प्रदेशर स्थानीय सरकारले 'राइट साइजिङ'मा भन्दा 'ओभर साइजिङ'मा बढी रुचि देखाएको बुझाइ संघीय सरकारको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव सुमन दाहाल सरकारको कर्याविस्तृतीकरण प्रतिवेदनले तोकेको जिम्मेवारीअनुसार अनुसार मन्त्रालयले मापदण्ड बनाउन लागेको बताउँछन् । सबै तह सरकारले 'ओ एन्ड एम सर्भे' लाई वैज्ञानिक, औचित्यपूर्ण र आवश्यकतामा आधारित बनाउनुपर्ने उनको भनाइ छ ।

'प्रदेश र स्थानीय तहमा समेत ओएन्डएम सर्भे गरेर स्वीकृत गरी लागु गर्न अपनाउनुपर्ने विधि प्रक्रियाबारे स्पष्ट गर्न जरुरी छ', उनले भने । कर्मचारी भर्ना गर्दा दीर्घकालसम्म पर्ने व्ययभारलाई विचार गर्नुपर्ने भन्दै दाहालले त्यसमा प्रदेश र स्थानीय तहहरुलाई जिम्मेवार बनाउनुपर्ने बताए ।

स्थानीय निकाय र त्यस अन्तर्गतको संगठन संरचना र दरबन्दी तेरिज यसअघि संघीय सरकारबाटै स्वीकृत हुने गरेको थियो । संविधानमा यो अधिकार प्रदेशसभाले बनाएको कानुनअनुसार हुने लेखिएको र हाल प्रदेशसभाहरुले प्रदेश निजामती कानुन र स्थानीय सेवा सम्बन्धी कानुन बनाइसकेकाले स्थानीय तहहरुले प्रदेशमार्फत दरबन्दी स्वीकृत गराइरहेका छन् ।

कतिपय प्रदेश र स्थानीय तहमा राजनीतिक प्रभावका आधारमा जथाभावी दरबन्दी सिर्जना गरेको देखिएकाले त्यसलाई रोक्न भन्दै संघीय सरकार अघि सरेको हो । स्थानीय तह र प्रदेशले सिर्जना गरेको दरबन्दीमा प्रदेश लोकसेवा आयोगले परीक्षा लिएर पदपूर्ति पनि गर्ने हुनाले दरबन्दी थप्ने विषयमा संघीय सरकारले कडाइ गर्न लागेको हो ।

गाउँपालिका महासंघका महासचिव खिमबहादुर थापा स्थानीय तहले गर्ने ओ एन्ड एम सर्भेमा संघ सरकारले चासो देखाउन नहुने बताउँछन् । ८ वर्षसम्म संघीय निजामती सेवा ऐन ल्याउन नसक्ने संघीय सरकारले स्थानीय तहले संविधान र कानुनसम्मत गरिरहेको काममा हस्तक्षेप गर्न खोजेको उनको आरोप छ ।

'संघबाटै आएका प्रमुख प्रशासकीय अधिकृतको प्रस्तावमा निर्णय भएर उहाँहरुकै निगरानीमा ओ एन्ड एम प्रतिवेदन बन्छ', थापा भन्छन्, 'संघ सरकारले २०० भन्दा बढी स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटाउन सकेको छैन, आफ्नो काम नगर्ने तर स्थानीय तहको काममा हस्तक्षेप गर्ने संघ सरकारको पुरानै कार्यशैली हो ।'

कतिपय स्थानीय तहको ओ एन्ड एम सर्भेमा समस्या हुनसक्ने भन्दै उनले त्यसलाई प्रदेश सरकार ले हेर्ने, तर संघीय सरकारले चासो देखाउन आवश्यक नहुने बताए ।

प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरु छिटपुट समस्या देखाएर आफूहरुको अधिकारमा संघीय सरकार पस्न नमिल्ने बताउँछन् । नेपाल नगरपालिका संघका अध्यक्ष भीमप्रसाद ढुंगाना स्थानीय तह आफैंले दरबन्दी सिर्जना गरेर कर्मचारी भर्ना गर्छन् भन्ने संघीय सरकारको सोच गलत भएको बताउँछन् ।

'स्थानीय सरकार सञ्चालन ऐनअनुसार स्थानीय तहले कार्यालय सहयोगी र प्राविधिक कर्मचारी मात्रै करार र ज्यालादारीमा राख्न पाउँछन्', उनले भने, 'ओ एन्ड एम प्रतिवेदन प्रदेश सरकारबाट स्वीकृत भएर लोकसेवाले भर्ना गरेर कर्मचारी पठाउने हो, प्रतिवेदन स्वीकृत नभई भर्ना गर्न खोजेको होइन ।'

संविधानले स्थानीय तहलाई दिएका अधिकार अनुसार काम गर्न जनशक्ति अभाव भइरहेको भन्दै अध्यक्ष ढुंगानाले संघीय र प्रदेश सरकारले समयमै कर्मचारी नदिँदा समस्या परेको बताए ।

संविधानले नेपाल राज्यको संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गर्दै यी तीनै तहले राज्य शक्तिको प्रयोग गर्न पाउने व्यवस्था गरेको छ ।

स्थानीय तहको एकल अधिकार तोकिएको संविधानको अनुसूची ८ मा स्थानीय शासन, निर्णय, विकास र सेवा प्रवाह सम्बन्धी २२ वटा अधिकार क्षेत्र तोकिएका छन् । अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारमा शिक्षा, स्वास्थ्य, कृषि, सहकारी लगायत १५ वटा विषय राखिएका छन् । संविधानको अनुसूची ६मा प्रदेशको एकल २१ र अनुसूची ७ मा प्रदेश र संघका साझा २५ वटा अधिकार सूची तय छन् ।

तीन तहको अधिकार सूचीको कार्य विस्तृतीकरण प्रतिवेदन अनुसार स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत ३५७ वटा विषय क्षेत्र छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार नीति, कानुन, कार्यविधि, मापदण्ड तथा योजना बनाई लागू गर्न सक्ने व्यवस्था गरेको छ । ऐनले एकल अधिकार क्षेत्र अन्तर्गत गाउँपालिका तथा नगर पालिकाको १८५ वटा काम, कर्तव्य र अधिकार तोकेको छ ।

साझा अधिकार बमोजिम स्थानीय तहले संघ तथा प्रदेशसँगको सहकार्यमा ७५ वटा काम गर्नुपर्ने तय गरिएको छ । यीबाहेक अन्य ७ भन्दा बढी काम र अधिकारहरु समेत स्थानीय तहलाई उक्त ऐनले दिएको छ ।

संघीय शासन व्यवस्थामा प्रदेश र स्थानीय सरकारलाई नागरिकको घरदैलोको सरकारको रुपमा हेरिन्छ । त्यसैले राजनीतिक र अवधारणागत रुपमा पनि स्थानीय सरकारसँग जनताको अपेक्षा बढी हुने जनप्रतिनिधिहरु बताउँछन् ।

नागरिकको आवश्यकता तथा अपेक्षा सम्बोधनको लागि स्थानीय सरकार अझ बढी सबल, सक्षम र जवाफदेही हुन आवश्यक रहेको अवस्थामा संघीय सरकार सहजीकरण गर्नभन्दा हस्तक्षेप गर्न उद्धत भएको नगरपालिका संघका अध्यक्ष ढुंगाना बताउँछन् ।

'कानुनले तोकेका काम प्रभावकारी ढंगले सम्पादन गर्न र सेवा प्रवाह गर्न सक्षम कर्मचारी आवश्यक हुन्छ', उनले भने, 'नीतिगत रुपमा लिइएका निर्णयहरुको प्रभावकारी कार्यान्वयनका लागि पनि कर्मचारी प्रशासन चुस्त र छरितो आवश्यक पर्छ ।'

केही स्थानीय तहमा देखिएको कमी कमजोरीलाई देखाएर संघ सरकारले दादागिरी देखाउन नमिल्ने उनले बताए । संघमा प्रशासनिक संघीयताबारे कलम नचोप्ने तर प्रमुख प्रशासकीय अधिकृत र कर्मचारी सरुवा गरेरै बस्ने सोच हाबी भएको भन्दै काम देखाउन मात्रै यस्ता कानुनको ढोल पिट्ने गरिएको बताए ।

'अहिलेसम्म संघ सरकारले सबै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृत पठाउन सकेको छैन', उनले भने, 'कर्मचारी जति सबै संघकै बनाएर राखिएको छ, माथि कर्मचारी ओभर लोडेड छन्, स्थानीय तहमा अभाव छ, संघले समाधान दिनुपर्छ, समस्या थप्ने होइन ।'

चालु आर्थिक वर्ष २०८०/८१ को बजेटले सार्वजनिक प्रशासनको विद्यमान संरचना र दर बन्दीको पुनरावलोकन गरी छरितो बनाउने घोषणा गरेको थियो । 'सम्बन्धित मन्त्रालय र निकायले आगामी आर्थिक वर्षको मंसिर महिनाभित्र संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्पन्न गर्नुपर्नेछ', बजेट वक्तव्यमा भनिएको थियो । तर, घोषणाअनुसार आफू मातहत कर्मचारी दरबन्दी कटौती गर्न अलमलिएको संघीय सरकार प्रदेश र स्थानीय तहलाई नयाँ दरबन्दी सिर्जना गर्न कस्ने तयारीमा छ ।

*(स्रोत: अनलाइनखबर)*

# हेटौंडासँग काभ्रेको रोशी जोडिएको जनमुक्तिमार्ग स्तरोन्नति

साझाकुरा संवाददाता



हेटौंडा, १८ फागुन/ बागमती प्रदेश राजधानी हेटौंडासँग बिपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका जोडिएको जनमुक्तिमार्गको स्तरोन्नतिको काम भइरहेको छ । गौरवको आयोजनाका रुपमा हेरिएको यस सडकखण्ड अन्तर्गत हाल कच्ची सडक स्तरोन्नति गर्दै पक्की बनाउने कामलाई तीव्रता दिइएको हो ।

छोटो दूरीका रुपमा रहेको यो मार्गको तीनचरणमा स्तरोन्नतिको काम अघि बढाएको पूर्वाधार विकास कार्यालय काभ्रेपलाञ्चोकले जानकारी दिएको छ । बीपी राजमार्ग र हेटौंडा जोड्ने मदनभण्डारी राजमार्गसम्म जोड्न पहिलो चरणमा रोशी गाउँपालिकाको पिन्थली हुँदै रजबास-भूमिचूली-बुढाखानी-तीनखुट्टे १७ किलोमिटर सडक स्तरोन्नति तीव्र गतिमा अघि बढिरहेको कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर राजु श्रेष्ठले जानकारी दिएका छन् ।

बीपी राजमार्गलाई हेटौंडासम्म सडक सञ्जालमा जोड्नका लागि जनमुक्ति मार्ग अन्तर्गत तीन चरणमा काम भइरहेको छ । महाभारत गाउँपालिकाको तीनखुट्टेदेखि गाउँपालिकाको केन्द्र देवीटारसम्मको आठ किमि सडक कालोपत्रे भएको प्रमुख श्रेष्ठले जानकारी दिए । सडक स्तरोन्नतिका लागि ६० करोड रुपैयाँमा ठेक्का सम्झौता भएपछि काम थालिएको हो ।

कार्यालय प्रमुख श्रेष्ठका अनुसार तीनखुट्टेदेखि देवीटार सडक कालोपत्रका लागि चालु आवमा चार करोड बजेट विनियोजन भएको छ । त्यस्तै महाभारत गाउँपालिकाको केन्द्र देवीटारदेखि-घर्तीछाप-गोकुलेसम्मको करिब १० किमि सडक स्तरोन्नतिको काम सुरु गरिएको श्रेष्ठले जानकारी दिए । ३९ करोड रुपैयाँमा निर्माण हुने यो सडकखण्डका लागि चालु आवमा सात करोड बजेट विनियोजन भएको हो ।

महाभारत गाउँपालिकाका अध्यक्ष कान्छालाल जिम्बाका अनुसार जनमुक्ति मार्गअन्तर्गत गाउँपालिकाभित्रको करिब ३५ किमि सडक स्तरोन्नतिको काम भइरहेको हो । गाउँपालिका कार्यालय, पूर्वाधार विकास कार्यालय र निर्माण व्यवसायीबीच १० बुँदे सहमति गरी काम सुरु गरिएको छ । काभ्रेपलाञ्चोकतर्फ बिपी राजमार्गदेखि पिन्थलीसम्मको करिब आठ किमि, महाभारत गाउँपालिकाको गोकुलेबाट खानीखोला गाउँपालिकाको केन्द्र तालढुंगासम्मको करिब ११ किमि सडक र मकवानपुरतर्फ झुरझुरे-भोर्लेनी-सिक्रेदोभान करिब १३ किलोमिटर सडक निर्माण गर्न बाँकी रहेको बताइएको छ ।

# जीतपुरसिमरा महोत्सव सुरु, मुख्यमन्त्री यादवद्वारा उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, १८ फागुन/ बाराको जीतपुरसिमरा उमपहानगर पालिका-३ मा जीतपुरसिमरा महोत्सव २०८० सुरु भएको छ । महोत्सवको शुक्रबार मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवले उद्घाटन गरेका छन् ।

मुख्यमन्त्री यादवले खस्किदै गरेको अर्थतन्त्रलाई उकास्न महोत्सवले टेवा पुऱ्याउने बताए । मधेश प्रदेशलाई केन्द्र सरकारले बिभेद गर्दै आएको भन्दै मुख्यमन्त्री यादवले प्राथमिकतामा राखेर काम गर्नुपर्ने बताए । उनले जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघको अधुरो भवन निर्माण गर्न २५ लाख रुपैयाँ सहयोग गर्ने प्रतिवद्धता जनाए ।

कार्यक्रममा बारा-४ का प्रतिनिधिसभा सदस्य कृष्णकुमार श्रेष्ठ किसानले मधेशको विकासमा संघीय सरकारले विशेष भूमिका खेल्नुपर्ने बताए । बारा-३ का प्रतिनिसभा सदस्य ज्वालाकुमारी साह, मधेश प्रदेश पर्यटनमन्त्री सुनिताकुमारी यादव, संविधानसभा सदस्यहरु शोभाकर पराजुली, जयराम दाहाल, मधु शाहीठकुरी, बारा-४ का प्रदेशसभा सदस्य देवनारायण चौधरी, उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानी, जीतपुरसिमरा उपमहानगर पालिका नगरप्रमुख राजन पौडेल, निजगढ नगरपालिका नगरप्रमुख सुरथ पुरीलगायतले शुभकामना व्यक्त गरेका थिए ।

जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघका अध्यक्ष मोहन शर्मा लामिछानेको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सहजीकरण सञ्चारकर्मी सुनिल गाउँलेले गरेको थियो । महोत्सव फागुन २९ गतेसम्म चल्नेछ । कृषि पर्यटन, खेल, उद्योग र व्यापार, जीतपुर सिमरा बारा, मधेश समृद्धिको मुख्य आधार भन्ने नाराकासाथ आयोजना गरिएको महोत्सवमा दैनिक स्थानीय तथा राष्ट्रिय कलाकारको प्रस्तुती, बिभिन्न समुदायका खानाका स्टल, बहुराष्ट्रिय कम्पनीका उत्पादनको स्टल, मनोरञ्जनात्मक बालउद्यान, सेल्फी जोनलगायत रहेको छ ।

महोत्सवमा नेपालका चर्चित कलाकार जीवन शर्मा, ज्योति मगर, बद्री पंगेनी, अनु चौधरी, प्रिति पासवान, एलिना चौहान, दुर्गेस थापा, रचना रिमाल, धुमुर्स-सुन्तली, निशान भट्टराई, मिस्टर डी लगायतले आफ्नो प्रस्तुती देखाउने छन् ।

# नामलाई लिएर सेन्सरले रोक्यो 'रङ्गेली'



काठमाडौं/नेपाली फिल्ममाथि सेन्सर बोर्डको हस्तक्षेप बढ्दो छ । कहिले दृश्य र संवाद त कहिले नाममा आपत्ति जनाउँदै बोर्डले फिल्मलाई प्रमाणपत्र दिन अस्वीकार गर्दै आएको छ । यसपटक फिल्म 'रङ्गेली'लाई सेन्सरले रोकेको छ । शीर्षकमा आपत्ति नजाउँदै बोर्डले फिल्मलाई प्रमाणपत्र दिएको छैन । सेन्सर बोर्डबाट प्रमाणपत्र नपाएसम्म फिल्मलाई सार्वजनिक प्रदर्शन गर्न नपाइने व्यवस्था छ ।

बिहीबार सेन्सरका पदाधिकारीहरुले फिल्म हेरेका थिए । त्यसपछि नाममा आपत्ति जनाउँदै बोर्डले प्रमाणपत्र दिन अस्वीकार गरेको हो । पूर्वको रङ्गेली सहरको नाममा फिल्म बनेको र त्यहीं छायांकन भएकाले स्थानीय नगरपालिकाको सहमति पत्र ल्याएपछि मात्र फिल्मले प्रमाणपत्र पाउने सेन्सर बोर्डले जनाएको छ । बोर्डले केही दृश्य र संवाद मिलाउन पनि आग्रह गरेको जानकारी प्राप्त छ ।

फिल्मको नाममा राज्यको हस्तक्षेप यसअघि पनि देखिएको थियो । निर्देशक गणेशदेव पाण्डेले चलचित्र विकास बोर्डमा 'गाँजाबाजा' नाम दर्ता गर्न ठूलै संघर्ष गर्नुपऱ्यो । पछि शीर्षकको चन्द्रविन्दू हटाएपछि बोर्डमा फिल्म दर्ता भएको थियो । गत भदौमा फिल्म 'एक भागवत् गीता'को शीर्षकलाई लिएर धार्मिक संस्थाहरुले विवाद निकालेपछि बोर्डको रोहवरमा नामै हेरफेर गर्न लगाइएको थियो ।

'रङ्गेली' यही फागुन २५ गतेबाट प्रदर्शनमा आउँदैछ । ग्याङस्टर जनरामा निर्माण भएको फिल्मलाई अर्जुन सुवेदीले निर्देशन गरेका हुन् भने दयाहाङ राई, अर्पण थापा, मिरुना मगर, प्रवीण खतिवडा लगायतको अभिनय रहेको छ । रङ्गेली सहरमा राज गर्न चाहने समूहबीचको द्वन्द्वमा आधारित भएर फिल्म बनेको हो । सेन्सरले शीर्षकमै आपत्ति जनाएपछि फिल्मको रिलिज अन्योल बनेको छ ।

# धेरै विकल्प हुँदा राष्ट्रिय क्रिकेट टिममा सन्तुलन मिलाउन सकस

काठमाडौं/ त्रिकोणात्मक टी-२० आई मा नेपालले शुक्रबार नामिबियामाथि ३ रनको रोमाञ्चक जित हात पाऱ्यो । यो जितसँगै फाइनल प्रवेशको सम्भावना कायम राखेको नेपाल लयमा फर्किने अपेक्षा छ ।

१८१ रनको लक्ष्य भेट्टाउन अन्तिम ओभरमा १२ रन चाहिएको नामिबियालाई १७७ मै रोक्ने क्रममा उत्कृष्ट बलिङ गरेका करण केसी त फाइनलमा पुगेर उपाधि नै जित्ने दाबी गर्छन् ।

'एउटा टिमका रुपमा हाम्रो खराब समय चलिरहेको थियो, राम्रो खेल्दाखेल्दै पनि हामीले जित निकाल्न सकिरहेका थिएनौं' खेलपछि उनले भने, 'आज जित भयो । अब जितिराख्छौं र फाइनल पनि जित्छौं ।'

तर फाइनलमा दाबेदारी बलियो बनाउन भोलि शनिबार नेपालले नेदरल्याण्ड्सलाई हराउनु पर्छ । त्यसपछि पर्सि आइतबार नामिबिया र नेदरल्याण्ड्सबीच हुने खेलको नतिजा पनि कुर्नुपर्छ ।

**खलबलिएको सन्तुलन**

लिग टूको आफ्नो पहिलो खेलमा नामिबियासँग पराजित भएको नेपालले दोस्रो खेलमा नेदर ल्याण्ड्सलाई हराएको थियो । तर त्यसपछि नेपालले टी२० शृंखलामा समेत लगातार ४ खेल गुमायो । लिग टूमा नामिबियासँग फेरि पराजित भएको नेपाल अन्तिम खेलमा नेदरल्याण्ड्ससँग पनि पराजित भयो । कुनै पनि खेलमा २०० रन कटाउन सकेन ।

त्रिकोणात्मक टी-२० सिरिजमा पनि नामिबियासँग २० र नले र नेदरल्याण्ड्ससँग २ रनले हाऱ्यो । शुक्रबार पनि झण्डै गुमाइसकेको खेल अन्तिम ओभरमा उत्कृष्ट बलिङ गर्दै करण केसीले नेपालको पक्षमा ल्याए । नेपालले हरेक खेलमा खेलाडी र ब्याटिङ क्रम परिवर्तन गर्ने गरेको छ ।

लिग टूभन्दा अगाडि नेपालले क्यानडासँग तीन म्याचको एकदिवसीय सिरिज खेलेको थियो । त्यो सिरिजमा गरेको प्रदर्शनका आधारमा अनिल साह र देव खनाललाई लिग टू खेल्ने टोलीमा राखियो । दुई ब्याटर थपिएपछि विकल्प धेरै भयो । त्यसअनुसार प्रयोग गर्दा नतिजा पक्षमा आएन । घरेलु मैदानमा भएको चारमध्ये ३ खेल गुमाउनु पुग्यो ।

टी-२० विश्वकपलाई लक्षित गरेर आयोजित त्रिकोणात्मक टी-२० सिरिजमा पनि खेलाडी हेर फेर भइरह्यो । शुक्रबार पनि तीन परिवर्तन गऱ्यो । ओपनर कुशल भुर्तेल, ललित नारायण राजवंशी र सन्दीप जोरालाई बेञ्चमा राखेर अनिल शाह, आरिफ शेख र अभिनाश बोहरालाई खेलाइएको थियो । कुशल सुरुवाती दुबै खेलमा शून्यमा आउट भएका थिए ।

उनको स्थानमा आएका अनिलले २३ रन बनाए, तर अर्का ओपनर असिफ शुन्यमै आउट भए । नेदरल्यान्ड्सविरुद्ध नवौं नम्बरमा खेलेका गुल्सन झाले शुक्रबार नामिबियाविरुद्ध चौथो नम्बरमा गएर २६ रन बनाए ।

आरिफ ओडीआईका भर पर्दा ब्याटर हुन् । उनको खेल्ने शैली पनि ओडीआईका लागि उपयुक्त भएकाले टी-२० विश्वकपको अन्तिम छनोट खेल्ने टोलीमै राखिएको थिएन । तर एकदिवसीय फर्म्याटको लिग २ मा पनि उनले नेदरल्यान्ड्ससँग एक मात्रै खेल खेल्ने अवसर पाए ।

शुक्रबार टी-२० मा नामिबियाविरुद्ध भने पाँचौं नम्बरमा ब्याटिङ गर्न आए । २४ बलमा ४ चौकासहित ३१ रन बनाए । उनले हानेका चारमध्ये दुई चौका मिस फिल्ड र एक एज लागेर बनेको थियो । *(स्रोत: अनलाइनखबर)*

# दुई कम्पनीका ३ औषधि गुणस्तरहीन भन्दै बिक्रीमा रोक

काठमाडौं/औषधि व्यवस्था विभागले लोमस फर्मास्युटिकल्स प्रालि र फर्माको इन्टस्ट्रिज् लिमिटेडद्वारा उत्पादित औषधि न्यून गुणस्तरको फेला पारेको छ ।

लोमस फर्मास्यूटिकल्स प्रालिको उत्पादित दुई प्रकारको औषधि न्यून गुणस्तरको फेला पारेको हो । विभागले एक महिनाको अन्तरालमा लोमसका चार प्रकारका औषधिमा न्यून गुणस्तरका भएको जनाएको छ ।

प्रयोगशाला परीक्षणका क्रममा लोमसबाट उत्पादित 'मेट्रो सस्पेन्सन' नामक मेट्रोनिडाजोल र 'हेल्माप्रेन' नामक अबलेन्डाजोल ४०० एमजी ट्याब्लेट न्यून गुणस्तरको पुष्टि भएको छ ।

न्यून गुणस्तरको पाइएपछि ती औषधि बिक्रीमा रोक लगाइएको विभागले जनाएको छ ।

'मेट्रो सस्पेन्सन' नामक मेट्रोनिडाजोल औषधिको ब्याच नम्बर एमटीएस ०१२३ मा र 'हेल्माप्रेन' नामक अबलेन्डाजोल ४०० एमजी ट्याब्लेटको ब्याच नम्बर एचपी ०१२२ मा न्यून गुणस्तर पाइएको विभागले जनाएको छ ।

यसैगरी, विभागले परीक्षणका क्रममा फर्माको इन्टस्ट्रिज् लिमिटेडद्वारा उत्पादित 'मेट्रो पी' नामक मेट्रोनिडाजोल औषधि पनि न्यून गुणस्तरको भएको पुष्टि गरेको छ । सो औषधिको ब्याच नम्बर २२/०१ न्यून गुणस्तरीय पाइएपछि बिक्रीमा रोक लगाइएको विभागले जनाएको छ ।

विभागका अनुसार, बजार अनुगमनपछि शंका लागेर ती औषधिको नमूना परीक्षण गरिएको थियो । बजारमा पठाइएका औषधि गुणस्तरहीन रहेको पुष्टि भएसँगै विभागले तत्काल फिर्ता गर्न निर्देशन दिएको छ ।

औषधि ऐन २०३५ को दफा १४ बमोजिम विभागले बिक्री वितरण रोक्का गरी फिर्ता गर्न निर्देशन दिएको हो । खराबी देखिएका ब्याचका औषधिहरू बजारमा बिक्री वितरण, सिफारिस र प्रयोग समेत नगर्न सबैमा विभागले अनुरोध गरेको छ ।

उत्पादक कम्पनीलाई हाल बजारमा रहेको औषधि फिर्ता गरी सोको विवरण विभागमा बुझाउन निर्देशन समेत दिएको छ ।

विभागले माघ तेस्रो र चौथो सातामा लोमस फार्मास्युटिकल्स प्रालिले उत्पादन गरेको ओएनओ सिरप र पारासिटामोल न्यून गुणस्तरको पाइएको भन्दै बिक्रीमा रोक लगाएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# काठमाडौंका मुकेशले जिते हेटौंडा रनको उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, १८ फागुन/ जिल्लास्तरीय प्रतियोगितामा सीमित रहेको खुल्ला राष्ट्रिय पुरुष हेटौंडा रन-२०८० को उपाधी काठमाडौंका मुकेश पालले जितेका छन् ।

हेटौंडा उपमहानगर पालिकाको सहयोग तथा नगर खेलकुद विकास समितिको आयोजनामा पहिलोपटक हेटौंडामा भएको प्रतियोगितामा निर्धारीत ५ क्लिोमिटर को दुरी १५ मिनेट २२ सेकेन्डमा पार गर्दै पालले उपाधिमाथि कव्जा जमाएका हुन् । उनले नगद ६० हजार रुपैयाँ पुरस्कार प्राप्त गरे । १८ जिल्लाका ९२ जना प्रतिस्पर्धीलाई पछि पार्दै पालले उपाधि जित्दा जुम्लाका दुर्गाबहादुर बुडा द्वितीय भए ।

उनले १५ मिनेट २४ सेकेन्डमा निर्धारीत दुरी पार गरे । बुडाले द्वितीय हुँदै नगद ५० हजार रुपैयाँ प्राप्त गरे । हेटौंडाको बुद्धचोकबाट सुरु भएको दौड पारि जातपथ हुँदै पुन: बुद्धचौकमा आउँने दौड प्रतियोगितामा काठमाडौंका सञ्जय श्रेष्ठ तृतीय भए । उनले १५ मिनेट ३० सेकेण्डमा निर्धारीत दुरी पार गरेका थिए । श्रेष्ठले नगद ४० हजार रुपैयाँ पुरस्कार प्राप्त गरे ।



प्रतियोगितामा सहभागिता जनाएकामध्ये चौथो र पाँचौं भएका काठमाडौंका टंक कार्की र दाङका नागेश्वर ऐरीले सन्त्वना पुरस्कार स्वरुप नगद १०/१० हजार रुपैयाँ प्राप्त गरे । प्रतियोगितामा बिजेतालाई हटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, नगरउपप्रमुख राजेश बानियाँ र प्रमुख प्रशासकीय अधिकृत शिबराज चौलागाईले पुरस्कार बितरण गरेका थिए । प्रतियोगितामा सहभागी ९२ मध्ये हेटौंडा-२ का ६९ वर्षीय प्रेमजी श्रेष्ठलाई सम्मान गरिएको थियो । पाको उमेरमा पनि खेलप्रतिको लगाव र लगनशीलताका लागि नगरप्रमुख, उपप्रमुखले प्रशंसा गर्दै सम्मान गरेका थिए ।

प्रतियोगिताको उद्घाटनमा नगरप्रमुख लामाले हरेक वर्षझैं यसवर्ष पनि हेटौंडा रन सञ्चालन गरिएको भन्दै दौडलाई निरन्तता दिने बताइन् । उनले उपमहानगरले खेलकुलको विकासमा गरेका लगानीले नगरका खेलकुदको विकाससँगै खेलाडी उत्पादनमा सहयोगी भूमिका खेल्ने विश्वास व्यक्त गरिन् । अहिले पूर्वाधार निर्माणसँगै खेलाडीको विकासका लागि लगानी गरेका छौं आगामी दिनमा पक्कै लगानीले सार्थकता पाउँने उनले बताइन् ।

नगर खेलकुद विकास समिति अध्यक्ष रबिन्द्र घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-५ का अध्यक्ष सुशील घिमिरे, ७ का अध्यक्ष दामोदर गौतम, ११ का अध्यक्ष जुना दाहाल, जिल्ला खेलकुद विकास समिति अध्यक्ष भेष खड्गी, एथ्लेटिक्स संघका केन्द्रीय कोषाध्यक्ष प्रभाकर पाण्डे, केन्द्रीय निर्णायक राजाराम पोखेल सहित नगरखेलकुद विकास समितिका सदस्यहरुको सहभागिता रहेको थियो ।

# बागमतीमा लिफ्ट सिंचाईको उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, १८ फागुन/ पूर्वी मकवानपुरको बागमती गाउँपालिका-५ मा नवनिर्मित लिफ्ट सिंचाईको उद्घाटन भएको छ । बिहीबार एक कार्यक्रमबीच गाउँपालिकाका अध्यक्ष सर्केश घलानले लीलावन लिफ्ट सिंचाईको उद्घाटन गरेका हुन् ।

सिंचाई सेवाको उद्घाटन गर्दै अध्यक्ष घलानले खेतीयोग्य जग्गाहरु खाली नराखी सबै जग्गामा उत्पादन हुने अन्नबाली, फलफूल र तरकारी लगाउन सुझाव दिए । उनले उत्पादित अन्नबाली, फलफूल र तरकारीहरु बिक्रीका लागि समस्या भएमा बजार व्यवस्थापनमा स्थानीय सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । बागमती-५ का वडाध्यक्ष विजयी भोलनका अनुसार वडाको ५ लाख रुपैयाँ र बागमती प्रदेश सरकारको १० लाख रुपैयाँमा निर्मित सिंचाईको उद्घाटन भएको हो ।

बागमती नदीको पानी करिब ८० मिटरभन्दामाथि उचाइमा लिफ्टमार्फत् तानेर सिंचाई गरिने उनले बताए । हिउँदको समयमा सधैं उजाड रहने माटोमा सिंचाई सुविधा भएपछि कृषिउत्पादन बढ्ने उनको भनाइ छ । सिंचाईले १ सय घरधुरीका किसान लाभान्वित हुने वडाध्यक्ष भोलनले बताए । सिंचाई आयोजना निर्माणका लागि योगेश थोकरको अध्यक्षतामा उपभोक्ता समिति गठन भएको थियो । कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष फणिन्द्र तिमल्सिना र वडा नम्बर ४ का वडाअध्यक्ष दन्तलाल माझीसहित स्थानीयको उपस्थिति रहेको थियो ।

# बालजागृति बालमैत्री विद्यालय घोषणा हुँदै

साझाकुरा संवाददाता



हेटौंडा, १८ फागुन/ हेटौंडा-२ बासुदेवमार्गस्थित बालजागृति ईङ्गलिस सेकेण्डरी स्कुल बालमैत्री विद्यालय घोषणा हुने भएको छ । हेटौंडा उपमहानगर बालमैत्री पालिका घोषणा हुने क्रममा यही फागुन २२ गते बालजागृति सेकेण्डरी स्कुल बालमैत्री विद्यालय घोषणा हुने भएको हो ।

हेटौंडा उपमहानगर बालमैत्री घोषणा हुने क्रममा बालजागृति ईङ्गलिस सेकेण्डरी स्कुल पहिलो बालमैत्री विद्यालय घोषणा हुने भएको हो । शुक्रवार विद्यालयले पत्रकार सम्मेलनमार्फत् जानकारी गराउँदै शिक्षातर्फका पूरा गर्नुपर्ने पर्ने २६ वटै सूचक पूरा गरिसकेको विद्यालयका प्रधानाध्यापक बिनोद सुबेदीले जानकारी दिए । सुबेदीका अनुसार २२ फागुनमा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा विद्यालयलाई औपचारिकरुपमा बालमैत्री घोषणा गर्ने तयारी भएको छ ।

२६ वटा सूचकमध्ये विद्यालयले व्यवस्थापन समितिमा निर्णय गराएर बालसमूहका १ जना बालक र १ जना बालिका पठाउने व्यवस्था मिलाइएको र बैठकमा बालअनुकूल समय र अर्थपूर्ण सहभागिताको ग्यारेन्टी गरेको जनाइएको छ । विद्यालयको बालसमूहको मासिक बैठक नियमित छ/छैन संरक्षक शिक्षक र प्रअले समेत नियमित गर्ने व्यवस्था मिलाएको जनाएको छ । विद्यालयको गेटमा बालमैत्रीसम्बन्धी सूचना बोर्ड टाँस गरिएको छ भने विद्यालयको चारैतर्फ सय मिटरको दुरीभित्र मद्यपान, धुम्रपान, सुर्तीजन्य वस्तु विक्री वितरण गर्न नपाईने जनाएको प्रअ सुबेदीले बताए ।

विद्यालयको शौचालयमा साबुनपानीको व्यवस्था मिलाएको र बालमैत्री आचारसंहिताबारे महिनाको एकदिन एक घण्टा विद्यार्थीसँग छलफल गर्ने वातावरण मिलाउने र प्रमाण राख्ने गरेको विद्यालयले जनाएको छ । विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरेको हरेक शुक्रवारको गत र चालु वर्षको माइन्युट फोटोकपी, फोटो, पुरस्कार वितरण प्रतिवेदन लगायत अभिलेख राखेको र विद्यालयमा बालअधिकार भनेको के हो ? बालमैत्री स्थानीय शासनको परिभाषा टाँस गरेको जनाइएको छ ।

विद्यालयमा बालअधिकार, बालमैत्री स्थानीय शासन, बाल अधिकारको सुरुवातबारे महिनामा ३० मिनेट सचेतना सत्र सञ्चालन गर्ने गरेको समेत विद्यालयले जनाएको छ । नगरले निर्माण गरेको बालविकास केन्द्र र सवारी साधनको सञ्चालन मापदण्ड अनुसार बालविकास केन्द्र व्यवस्थापन गरेको, विद्यालयले बालसंरक्षण नीति बनाई कार्यान्वन गरिएको छ । विद्यालयमा विद्यार्थीलाई बिपद् पूर्वव्यवस्थापनसम्बन्धी अतिरिक्त सत्र सञ्चालन गर्नुका साथै सेनेटरी प्याड प्रयोग, डिस्पोजल प्रवन्ध रेकर्ड व्यवस्थापन तथा छात्राछात्र शौचालयको फोटोसहित रेकर्ड राखेको विद्यालयले जनाएको छ ।

यसैगरी विद्यालयमा बालसमूहको बैठककक्ष व्यवस्थापन गरेको छ । विद्यालय व्यवस्थापन समितिबाट विद्यालयमा विद्यार्थीलाई शारीरिक, मानसिक यातना दिएको छैन र दिइने पनि छैन भनि प्रतिवद्धता गरेको निर्णय गर्ने, विद्यालयमा प्रतिवद्धता ब्यानर टाँस गर्ने र सोको जानकारी निर्णय र फोटोसहित वडालाई दिने विद्यालयले जनाएको छ ।

विद्यालयमा बालमैत्री आचारसंहिता व्यवस्थित गरेकाले सबैले देख्ने स्थानमा जानकारी गराई झुण्डाएको जनाएको छ भने विद्यालयको हाताभित्र रहेको बालबगैंचा, फूलबारी र भवन सहितको फोटो खिचेर प्रमाण वडामा बुझाइएको छ । बालमैत्री धाराको फोटोहरु, विद्यालयको प्रशासनकक्ष भित्रको फोटो, बालसमूहको बैठक बसेको माइन्युटको फोटोकपि र फोटो वडामा पेश गरेको जनाइएको छ ।

बालविकास शिक्षकलाई बालबालिकाप्रति गर्नुपर्ने बालमैत्री व्यवहारमा विशेष ध्यान दिनका लागि व्यवस्थापन समितिले निर्णय गरेर सोही अनुसार व्यवहार परिवर्तनका लागि अनुरोध गरेको प्रअ सुबेदीले बताए । बालबिकास केन्द्रका बालबालिकालाई आवश्यक पर्ने खेलकुद सामग्री उपलब्ध गराउने खाजाको दैनिकतालिका अनुसार स्थानीय खाजाको व्यवस्था गरिएको छ । विद्यालयको अतिरिक्त क्रियाकलापको तालिका र बाल सहभागितामा कार्यान्वयन गर्ने गरेको पनि विद्यालयले जनाएको छ ।

यसैगरी विद्यालय अनुगमनमा आउँदा विद्यालय व्यवस्थापन समिति, आगन्तुक/निरीक्षण पुस्तिका, बालसमूह बैठक, विद्यालय व्यवस्थापन समिति रजिष्टर अनुगमन समितिले माग्ने हुँदा सोही अनुसार अभिलेखीकरणमा ध्यान दिने गरेको विद्यालयले जनाएको छ । विद्यालयमा १५ सय ४३ जना विद्यार्थी अध्ययनरत छन् । विद्यालय सञ्चालक समितिका अध्यक्ष दिनेशप्रसाद भण्डारीको सभाध्यक्षतामा भएको पत्रकार सम्मेलनमा हेटौंडा-२ का कार्यबाहक वडाअध्यक्ष सुरज बर्तौला, वडासचिव रामप्रसाद गुरागाईं, वडासदस्यहरु ईन्द्रप्रसाद रिजाल, मैयाँ परियार, बालमैत्री वडासहजकर्ता राहुल शर्मा र बालसमूहका अध्यक्ष कृशाङ्गी अर्याललगायतको उपस्थिति थियो ।

# चैत ९ बाट गौरीटारमा वडाअध्यक्ष कप फुटबल

साझाकुरा संवाददाता

हेटौंडा, १८ फागुन/ नगरका सम्पूर्ण वडाको सहभागिता हुने गरी अन्तर वडास्तरीय अध्यक्ष कप फुटबल प्रतियोगिता हुने भएको छ ।

२८६० औं छ्यूोनाम ल्योछारको अवसर पारेर हेटौंडा उपमहानगरपालिका १५ नम्बर वडा खेलकुद विकास समितिको आयोजनामा हेटौंडा-६ गौरीटार रंगशालामा प्रतियोगिता सञ्चालन हुने शुक्रवार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो ।

आउँदो चैत्र ९ गते देखि २२ गते सम्म सञ्चाल हुने प्रतियोगिता नक आउट चरण सञ्चालन हुने खेलकुद समितिका संयोजक गोबिन्द नेगीले बताए । प्रतियोगितामा बिजेताले १ लाख र उप बिजेताले ५० हजार नगद पुरस्कार सहित शिल्ड तथा मेडल पाउँने पत्रकार सम्मेलनमा जानकारी दिइएको हो । प्रतियोगितामा बिद्यागत पुरस्कारको व्यवस्था पनि रहेपनि अहिले रकम एकिन नभएको आयोजकले जनाएको छ ।



प्रतियोगिता सञ्चालनका लागि करिब ११ लाख रुपियाँ लाग्ने आयोजकले जनाएको छ । वडा कार्यालय सहित वडा क्षेत्रमा रहेका उद्योग प्रतिष्ठान, समाजिक संघ सस्थासँगको समन्वयमा खर्च व्यवस्थापन गरीने आयोजक वडा खेलकुद बिकास समितिले जनाएको छ । खेलमा नगरका सबै वडाबाट सहभागिताको लागि समन्वय गरीने र खेलाडि समावेसको हकमा वडाको सिफारीस अनिवार्य रहेको अध्यक्ष मुक्तानले बताए ।

नगरस्तरीय प्रतियोगिता बाट खेल कौशललाई तिखर्दै अघि बढ्नका लागि सहयोग पुग्ने बिश्वास सहित खेल सञ्चालन गर्न लागिएको हेटौंडा-१५ का वडा अध्यक्ष सुनिल मुक्तानले जानकारी दिए । पत्रकार सम्मेलन वडा खेलकुद विकास समितिका संयोजक नेगीको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा वडा सदस्य सिंहबहादुर लो, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतम, फुटबल संघ मकवानपुरका उपाध्यक्ष युवराज लामा, ऋद्धि सिद्धि सिमेन्टका प्रबन्धक रेवन्त ढकाल लगाएतको आतिथ्यता रहेको थियो ।

# शुभलक्ष्मीमा दिगो वन ब्यवस्थापन

साझाकुरा संवाददाता

हेटौंडा, १८ फागुन/ हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१ मा रहेको शुभलक्ष्मी सामुदायिक वन उपभोक्ता समूहको आयोजनामा दिगो वन व्यावस्थापनका विषयमा छलफल गरिएको छ । दिगो वन व्यावस्थापनका विषयमा सामुदायिक वनले वनाएको कार्ययोजनाका विषयमा छलफल गरिएको हो ।

शुभलक्ष्मी सामुदायिक वनका अध्यक्ष सोनामसिंह म्लोनको अध्यक्षता तथा हेटौंडा-१ का वडाअध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यतामा कार्यक्रम गरिएको हो । कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाका कार्यपालिकाका सदस्य इश्वरी रसाइली, वन प्राविधिक रोजन सापकोटालगायतको आतिथ्यता रहेको थियो ।

आगामी १० वर्षका लागि वन उपभोग गर्ने कार्यबिधि, वन कार्ययोजना निर्माण गरिने बताइएको छ । बसामाडी सब डिभिजन वन कार्यालयका प्राबिधिक रोजन सापकोटा, रबिन्द्र अधिकारी, नबीन न्यौपाने, शैलेन्द्र तिवारीले सहजीकरण गर्ने बताइएको छ ।

# निर्माण ब्यवसायी र मुख्यमन्त्रीबीच भेटघाट

साझाकुरा संवाददाता

हेटौंडा, १८ फागुन/ नेपाल निर्माण व्यवसायी महासंघको आगामी चैतमा हुने २५ औं साधारण सभाको बारेमा निर्माण व्यवसायी संघ मकवानपुरले मुख्यमन्त्री शालिकराम जम्कट्टेलसँग भेटघाट तथा छलफल गरेको छ ।

साधारणसभाको तयारीका बारेमा बिहीबार मुख्यमन्त्री जम्कट्टेलसँग छलफल गर्दै साधारणसभाको सफलताका लागि संघले सहयोगको अपिल गरेको हो । निर्माण व्यवसायी संघ मकवानपुरको सहआयोजकत्वमा आगामी चैत १६ र १७ गते हुने साधारणसभाको प्रधानमन्त्री पुष्पकमल दाहालले उद्घाटन गर्ने तय भएको छलफलमा जानकारी गराइएको थियो । छलफलमा निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कँडेल, पूर्वअध्यक्ष आनन्दराम पराजुली लगायतको उपस्थिति रहेको थियो ।

निर्माण व्यवसायी संघ मकवानपुरले बागमती प्रदेशको भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलाल, नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्रलगायतका दलहरुका प्रतिनिधिसँग साधारणसभाको बारे छलफल गरी सहयोगका लागि आग्रह गरेको छ । साधारणसभामा प्रतिनिधि र पर्यवेक्षक गरी करिब दुई हजार जनाको सहभागिता रहने जनाइएको छ ।

## वैदेशिक रोजगारमा पुगेपछि ध्यान दिनुपर्ने कुराहरु

- आफू गएको देशको भाषा, संस्कृति र धर्मको सम्मान गरौं ।
- स्वास्थ्य समस्या तथा दुर्घटनाको जोखिमबाट बच्न क्षमताभन्दा बढी काम नगरौं,
- काम गर्ने देशको ट्राफिक नियमको पालना गरौं,
- काम गर्ने देशका प्रचलन र कानूनको पालना गरौं,
- लहैलहैमा लागेर बन्द, हड्ुतालजस्ता क्रियाकलापमा सरिक नहोऔं,
- काम गर्ने मुलुकको कानूनले लैजान, खान र बिक्री गर्न नपाइने वस्तुका विषयमा जानकारी राखौं,

**याद राखौं:**

- आफूखुसी काम छाड्दा वा कम्पनीबाट भाग्दा अवैधानिक र असुरक्षित भई सजायको भागिदार हुने तथा पाउनुपर्ने सेवा, सुविधा र अधिकारबाट बञ्चित हुने भएकोले त्यस्ता कार्य नगरौं ।

*कुनै समस्या परे नजिकको नेपाली दूतावास, सरकारी निकाय, संघ/संस्था वा आप्रवासी स्रोत केन्द्रमा सम्पर्क गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट






**Ready To Eat**

**हाम्रा विशेषताहरु:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

## सुदिन प्याकेजिङ्ग उद्योग

हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना